जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३३ अंक २८८ २०८१ साल असार १० गते सोमबार (24 June 2024 Monday) मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र :* २ पृष्ठमा : बजेटमाथि सत्तापक्ष सांसदकै.. ३ पृष्ठमा : शिक्षातर्फ आकर्षित हुँदै हरूवाचरूवा ३ पृष्ठमा : भारतमा विषाक्त मदिरा ...

# बैदेशिक रोजगारीमा गएका मध्येबाट कंचनरुपका १४ जनाले गुमाए ज्यान



**दैनिक समाचारदाता**
**राजविराज, ९ असार ।**

सप्तरीबाट बैदेशिक रोजगारमा गएका मध्येबाट १५ दिनको अवधीमा थप ५ जनाले ज्यान गुमाएका छन् । यसअघि गत जेठ २४ गतेसम्म २४ जनाले ज्यान गुमाएका थिए । चालु आ.ब. २०८०/८१ को साउनदेखि असार १० गते सम्ममा सप्तरीबाट बैदेशिक रोजगारीका लागी विभिन्न मूलुक गएका मध्ये २९ जनाले ज्यान गुमाएका छन् ।

राजविराज नगरपालिकाको आयोजना, कंचनरुप नगरपालिका, शम्भुनाथ नगरपालिका र राजगढ गाउँपालिकाको सहकार्यमा आइतबार आयोजित सुरक्षित आप्रवासन (सामी) कार्यक्रम अन्तरगत "सुरक्षित बैदेशिक रोजगारीका लागि जिल्ला प्रहरी कार्यालयसँगको अन्तरक्रिया" कार्यक्रममा सो तथ्याङ्क सार्वजनिक गरिएको हो ।

कार्यक्रम संयोजक राजेन्द्र यादवले प्रस्तुत गरेको तथ्याङ्कमा जिल्लाको कंचनरुप नगरपालिकाबाट बैदेशिक रोजगार गएका मध्येबाट सबैन्दा बढी १४ जनाले ज्यान गुमाएको जानकारी दिए । उनले राजविराज नगरपालिकाबाट ३ जनाले ज्यान गुमाएको बताए । बैदेशिक रोजगारमा जानेहरु डिप्रेशनमा परि आत्महत्या समेत गरेको उनको भनाई थियो ।

संयोजक यादवले चालु आ.ब. बाट बैदेशिक रोजगारमा जानेहरुलाई ठगिएमा उनीहरु बिरुद्ध जिल्ला प्रशासन कार्यालयमा उजुरी दिने व्यवस्था रहेको भन्दै सो कार्यालयले ती व्यक्ति वा एजेन्टलाई पक्राउ गर्न प्रहरीलाई आदेश दिने प्रावधान रहेको जनाए ।

सुरक्षित आप्रवासन कार्यक्रम (सामी) परियोजना अन्तर्गत वैदेशिक रोजगारीलाई सुरक्षित बनाउने उद्देश्यले प्रहरीसँग समन्वय आवश्यक रहेको भन्दै आयोजित कार्यक्रममा सहायक प्रमुख जिल्ला अधिकारी जितेन्द्र कुमार यादवले रोजगारीका लागि बिदेश जाने क्रममा ठगिमा पर्नेहरुलाई न्याय दिलाउनका निम्ति प्रशासन कार्यालय अग्रसर रहेको औल्याए ।

सो अवसरमा राजविराज नगरपालिकाका कार्यवाहक नगरप्रमुख इसरत परबिनले रोजगारीको सिलसिलामा विभिन्न एजेन्ट, व्यक्ति वा म्यानपावरहरुले ठग्ने क्रम बढ्दै गएकोमा पीडितहरुलाई न्याय दिलाउने पाटोमा प्रहरीको समेत महत्वपूर्ण भूमिका रहने गरेको बताए । उनले पीडितहरुलाई न्याय दिलाउनका लागि त्यस्ता एजेन्ट वा व्यक्तिहरुलाई प्रहरीले छिटो भन्दा पक्राउ गरि सहयोग गर्न आग्रह गरिन् ।

परियोजनाले हरेक जिल्ला प्रशासन कार्यालयमा सुरक्षित आप्रवासन सूचना केन्द्र, वैदेशिक रोजगारीमा जान इच्छुकलाई निःशुल्क सीपमूलक तालिम, रोजगारीमा रहेकाहरुमा पारिवारीक विचलन आए सहजीकरणको भूमिका, रोजगारीबाट आउने रेमिट्यान्स सदुपयोग गर्न व्यवसायिक लगानीका लागी आवश्यक परार्मश, विदेशमा कम्पनीबाट ठगिएकाहरुलाई न्यायका लागी कानूनी परार्मशमा सहयोग, मुद्दामामिला, क्षतिपुर्ती राहत तथा अन्य प्रकृयाका लागी सहयोग गर्दै आएको छ ।

कार्यक्रममा आप्रवासी संजाल मधेश प्रदेशका संयोजक जितेन्द्र प्रसाद सिन्हा, पत्रकार महासंघका कोषाध्यक्ष नवीनकुमार गुप्ता, प्रहरी, कर्मचारी लगायतको सहभागिता रहेको थियो ।

# मुख्य सचिवसहित ९ जना कर्मचारीबिरुद्ध भ्रष्टाचार मुद्दा दर्ता

**दैनिक समाचारदाता**
**काठमाडौं, ९ असार ।**

अन्तःशुल्क स्टिकर छपाइ खरिद प्रकरणमा मुख्यसचिव डा. वैकुण्ठ अर्यालसहित ९ जना सरकारी कर्मचारीविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचार मुद्दा दर्ता गरेको छ ।

अख्तियारले जनही ३८ करोड ६७ लाख १७ हजार ६ सय ४० रुपैयाँ बिगो मागदाबीसहित आइतबार विशेष अदालतमा मुद्दा दायर गरेको हो ।

प्रतिवादीहरूमा मुख्यसचिव अर्यालसहित, अर्थ सहसचिव रितेश कुमार शाक्य, भन्सार विभागका टेकप्रसाद पाण्डे, सुरक्षण मुद्रण केन्द्रका तत्कालीन कार्यकारी निर्देशक विकल पौडेल रहेका छन् ।

यस्तै आन्तरिक राजश्व विभागका गणेश विक्रम शाही, सूचना प्रविधि केन्द्रका सफल श्रेष्ठसहित शाखा अधिकृत रविन्द्र प्रसाद पौडेल र लेखा अधिकृत विष्णु प्रसाद गौतमलाई पनि प्रतिवादी बनाएर मुद्दा दायर गरिएको अख्तियारले जनाएको छ । यस्तै सरकारी कर्मचारीहरू हरि वल्लभ घिमिरे र शक्तिप्रसाद श्रेष्ठविरुद्ध पनि मुद्दा दायर भएको छ ।

यसबाहेक अन्तःशुल्क स्टिकर छपाइको ठेक्का पाएको कम्पनी प्रिन्टसेल र त्यसका निर्देशक केशव शर्मालाई पनि प्रतिवादी बनाइएको छ । सेक्युरिटी प्रिन्टिङ सेन्टरले २०७९ असोज ४ मा आन्तरिक राजस्व विभागका लागि अन्तःशुल्क स्टिकर छाप्न टेन्डर आह्वान गरेको थियो । जसअनुसार अन्तःशुल्क स्टिकर छपाइको ठेक्का २०७९ मंसिर २६ मा प्रिन्टसेल प्रालिले पाएको थियो ।

# दुई पक्षबीचको झडपमा एकको मृत्यु, हत्याको आरोपमा एक पक्राउ, अन्य फरार

**दैनिक समाचारदाता**
**राजविराज, ९ असार ।**

राजविराज वडा नं. ४ स्थित माछा हटियामा बकर इदको दिन फलामे हतियारको प्रहारबाट घाइते भएका एक युवकको शुक्रबार उपचारका क्रममा मृत्यु भएको छ ।

दुई पक्षबीच भएको झडपमा घाइते भएका राजविराज नगरपालिका वडा नं. ४ निवासी ३२ वर्षीय ओरेन्जेब मियाँको उपचारका क्रममा विराटनगरस्थित नोबेल अस्पतालमा मृत्यु भएको प्रहरीले जनाएको छ ।



मृतक मिया राजविराज नगरपालिका वडा न.२ राजदेबी टोलस्थित रोयल इनफिल्ड अटोमोबाइलका प्रोप्राइटर हुन । मृतकका श्रीमती र काखे शिशुसहित दुई नाबालक सन्तान छन् ।

मृतकका बुबा हबिब मियाले दिएको उजुरीका आधारमा आरोपित राजविराज नगरपालिका वडा न.३ का ४६ वर्षीय मो. नसिर पक्राउ परेका छन् । अन्य आरोपितहरू राजविराज नगरपालिका वडा न.३ का ३५ वर्षीय मो. इर्शाद, राजविराज २ का २७ वर्षीय असलम मिया र जिल्लाकै राजगढ गाउँपालिका ६ का २५ वर्षीय मो. मिन्टु फरार रहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# मनकामना सहकारीका अध्यक्ष चौधरीको निधन



**दैनिक समाचारदाता**
**राजविराज, ९ असार ।**

सप्तरीको सप्तकोशी नगरपालिकास्थित मनकामना बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडका अध्यक्ष अशोक चौधरीको आइतबार बिहान निधन भएको छ ।

हृदयघात भएपछि उपचारका लागि बिराटनगरस्थित न्युरो अस्पतालमा भर्ना गरिएका ५६ वर्षिय चौधरीको उपचारकै क्रममा आइतबार बिहान निधन भएको हो ।

उनको पार्थिव शरीरमा सहकारी अभियान्ता विश्वनाथ मण्डल, राष्ट्रिय सहकारी बैंक

*बाँकी अन्तिम पृष्ठमा*

**लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको हकअधिकार सुनिश्चित गरौं**

संविधानले लैङ्गिक तथा यौनिक अल्पसंख्यकलाई सामाजिक न्यायको हक प्रदान गरेको छ।

लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको,

- मानवाधिकार र मौलिक हकको रक्षा गरौं,
- सामाजिक मर्यादा र सुरक्षा सुनिश्चित गरौं,
- विकास निर्माण र सेवा प्रवाहमा सहभागिता सुनिश्चित गरौं,
- उनीहरुप्रति सकारात्मक दृष्टिकोणको विकास गरौं,
- लैङ्गिक तथा यौनिक अल्पसंख्यकमैत्री वातावरण निर्माण गरौं,
- वैयक्तिक स्वतन्त्रता, आत्मसम्मान र न्यायको पक्षमा वकालत गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### युवालाई अवसरको खाँचो

मुलुकको विभिन्न क्षेत्रमा यूवाहरुको खाँचो रहेको छ । देश निर्माणको क्षेत्र होस् वा विकासको क्षेत्र दुबैमा युवाहरुको खाँचो रहेको छ । तर, अहिले मुलुकको सबै राजनीतिक पार्टीको नेतृत्व पंक्तिमा बृद्ध अवस्थामा पुगेकाहरुले नै गरिरहेका छन् । ती पार्टीमा यूवाहरुलाई देखाउने मुख र कार्यकर्ता भेला गर्नेको रुपमा प्रयोग गरिएको अवस्था छ । यूवा नेतृत्व यस्तो जमात हो जसले समाज परिवर्तनमा अहम भूमिका खेल्न सक्छ ।

मुलुकको राजनीतिक, आर्थिक र सामाजिक परिवेशलाई परिवर्तन गर्नमा युवाहरुको अहम भूमिका रहने कुरा सर्वविधितै छ । यति मात्र नभएर मुलुकको विकासमा यूवाको अहम भूमिका हुन्छ । देशको मेरुदण्डको रुपमा मानिएको युवा शक्तिले चाहेमा आफ्नो देश तथा समाजलाई निश्चित रुपमा परिवर्तन गर्न सक्ने क्षमता देखाएका छन् ।

युवा शक्तिलाई आफ्नै देशमा परिचालन गरेर देशको मुहार परिवर्तन गर्नेदेखि समाज परिवर्तनमा समेत सह्रानिय भुमिका निर्वाह गर्न सक्छन् । मात्र उनीहरुलाई अवसरको खाँचो छ । तसर्थ युवा शक्तिलाई वेवास्ता नगरिकन उनीहरुलाई अवसर दिनेतर्फ राजनीतिक दलदेखी विकासमुखी संघसंस्थाले अग्रसरता र उदारता देखाउनु आवश्यक छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# बजेटमाथि सत्तापक्ष सांसदकै चर्को असन्तुष्टि

काठमाडौँ, ९ असार (रासस) ।

आगामी आर्थिक वर्ष २०८१/८२ को बजेट संसद्मा प्रस्तुत भएपछिका हरेकजसो सार्वजनिक कार्यक्रममा अर्थमन्त्री वर्षमान पुनले बजेटमाथि अरु वर्षको जस्तो राजनीतिकरूपमा र निजी क्षेत्रबाटसमेत आलोचना नभएको दाबी गर्दै आउनुभएको थियो । तर बजेट आएको तीन हप्ता बित्दासम्ममा संसद्मा सत्तापक्षकै सांसदबाट चर्को आलोचना र विरोध भइरहेको छ । सङ्घीय संसद्का पछिल्ला बैठकहरूमा बजेट विनियोजन सन्तुलित नभएको, एकाध जिल्लामा मात्रै केन्द्रित गरिएकोलगायत विषयले प्राथमिकता पाएको छ ।

पछिल्लो एक सातामा प्रतिनिधिसभाको बैठक चार दिन र राष्ट्रियसभाको बैठक एक दिन चल्यो । बैठकहरूमा गरमागरम बहस भएको छ । जनताका विषयहरू पनि संसदमा स्पष्टसँग उठेको छ । समाधानका उपाय पनि जिज्ञासा राख्ने सांसदहरूले नै राखेको पाइएको छ । प्रतिनिधिसभाको जेठ २, ४, ५ र ६ गतेको बैठकमा विनियोजन विधेयक, २०८१ का विभिन्न शीर्षक माथिको छलफल चल्यो । राष्ट्रियसभाको जेठ ४ गतेको बैठकमा सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्माले सुरक्षण मुद्रणसम्बन्धी विधेयक, २०७७ का सम्बन्धमा प्रतिनिधिसभाबाट भएको संशोधनमाथि छलफल गरियोस् र उक्त संशोधनलाई सहमति गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्नुभएको थियो ।

असार २ गते बसेको प्रतिनिधिसभा बैठकमा उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले 'लगानी सहजीकरणसम्बन्धी नेपाल ऐनलाई संशोधन गर्ने विधेयक २०८१' लाई प्रस्तुत गर्नुभएको थियो । प्रतिनिधिसभाको उक्त बैठकमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय र अर्थमन्त्रालयको वार्षिक विकास कार्यक्रम माथि छलफल भएको थियो । साथै, खर्च कटौतीका विभिन्न आठवटा प्रस्ताव प्रस्तुत भएका थिए ।

त्यसदिनको छलफलका क्रममा तीन वटा मन्त्रालयको वार्षिक विकास कार्यक्रम माथि मिश्रित धारणा आएको थियो । विनियोजनमा कुशलता नदेखिएको, शक्ति र पहुँचका आधारमा बजेट विनियोजन भएको, आवश्यकता पहिचानबिनै बजेट बाँडिएको, अर्थ विविध शीर्षकमा ठूलो रकम विनियोजन गरेर आर्थिक अनुशासन मिचिएको, सङ्घीय सरकारबाट धेरै टुक्रे आयोजना परेकोलगायत विषय छलफलका क्रममा उठेका थिए ।

उक्त दिनको बैठकमा आकस्मिक समयमा बारा जिल्लास्थित रामराजा मोहनबिक्रम क्याम्पस प्रमुखको अज्ञात व्यक्तिबाट गोली हानी हत्या भएको घटनाको छानबिन हुनुपर्ने, खुला सीमाका कारण मधेशमा हत्याहिंसाका घटना बढ्दै गइरहेकाले प्रशासनले सीमापारको प्रशासनसँग समेत समन्वय गरी यस्ता घटना हुन नदिन आवश्यक पहल गर्नुपर्ने, दुग्ध किसानहरूले पाउनुपर्ने भुक्तानी तत्काल गर्नुपर्ने, मनसुन सक्रिय भैसक्दाममेत किसानले मल नपाएकाले अबिलम्ब मलको व्यवस्था गर्नुपर्नेलगायतका विषयमा सांसदहरूले संसद्मार्फत सरकारको ध्यानाकर्षण गराउनुभएको थियो ।

असार ४ गते बसेको प्रतिनिधिसभा बैठकमा गृह मन्त्रालय, परराष्ट्र मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय योजना आयोग, उपराष्ट्रपतिको कार्यालय र राष्ट्रपतिको कार्यालयको बजेटमाथि छलफल भएको थियो । उक्त बैठकमा सांसदहरूले वार्षिक विकास कार्यक्रम च्यात्ने, सभामुखमार्फत् सरकारलाई फिर्ता गर्ने, रोस्टममै मौनधारण गर्नेलगायतका शैलीमा बजेटमाथि असन्तुष्टि जनाउनु भएको थियो । प्रतिपक्ष दलका सांसदहरू मात्र नभई सत्तापक्षकै सांसदहरूले पनि विनियोजन विधेयक माथि आक्रोश र असन्तुष्टि पोख्नु भएको थियो ।

सरकारमा रहेका केही मन्त्रीको निर्वाचन क्षेत्रमा धेरै बजेट परेको तर अति आवश्यक भएका क्षेत्रमा बजेट नपरेको, स्रोतको आँकलनबिनै जथाभावी बजेट बाँढिएको, सरकार आफैले तयार पारेको आयोजना वर्गीकरणको आधार तथा मापदण्ड २०८० को विपरीत हुने गरी सानो रकमका आयोजना पनि सङ्घीय बजेटमा परेकोलगायतका विषय संसद्मा उठेका थिए । त्यस्तै, शक्ति र पहुँचका आधारमा बजेट बाँडिएको, ठूलो सङ्ख्यामा टुक्रे आयोजना बजेटमा हालिएको, आयोजना प्राथमिकीकरणबिनै जथाभावी बजेट बाँढिएकोलगायतका असन्तुष्टि सांसदहरूबाट आएको हो ।

असार ४ गतेको बैठकमा विनियोजन विधेयकका विभिन्न शीर्षकमाथिको छलफलका क्रममा आफ्नो असन्तुष्टि जनाउँदै राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष एवम् प्रतिनिधिसभा सांसद राजेन्द्रप्रसाद लिङ्देनले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको आगामी आर्थिक वर्षको वार्षिक विकास कार्यक्रम पुस्तिका च्यात्नु भएको थियो भने प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका सांसद दिलेन्द्रप्रसाद बडूले रोस्टममै मौनधारण गर्नुभएको थियो । सांसद ज्ञानबहादुर शाहीले बजेटमा कर्णालीलाई उपेक्षा गरिएको भन्दै र सांसद तेजुलाल चौधरीले आफ्नो निर्वाचन क्षेत्रमा एउटा पनि योजना नपरेको भन्दै सभामुखमार्फत् सरकारलाई रातो किताब फिर्ता गर्नुभयो ।

प्रतिपक्षबाट मात्र नभई सत्तापक्षबाट पनि बजेट र वार्षिक विकास कार्यक्रम माथि चर्को विरोध भएको छ । अधिकांश सांसदहरूले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको आगामी आर्थिक वर्षको बजेट र वार्षिक विकास कार्यक्रमप्रति रोष व्यक्त गर्नुभएको थियो । सत्तारुढ दल नेपाल कम्युनिष्ट पार्टी (एमाले) का सांसद सूर्यबहादुर थापा क्षेत्रीले बजेट असन्तुलित रहेको बताउनुभयो । "बजेटमा सन्तुलन छैन । आवश्यकता आधारित छैन । पक्षपात पूर्ण छ र मन्त्रीमुखी छ", उहाँले भन्नुभयो, "बजेट विनियोजनमा आफ्नो हात जगन्नाथ भएको छ । जसले बनायो त्यसलाई मात्रै धेरै विनियोजन भएको छ ।"

एमालेकै अर्का सांसद गोकुलप्रसाद बास्कोटाले बजेट कनिका छरेसरह छरपष्ट र अव्यवस्थित रहेको टिप्पणी गर्नुभयो । बजेट पहुँच र शक्तिका आधारमा विनियोजन भएको भन्दै उहाँले पन्ध्रौं पञ्चवर्षीय योजनाका लक्ष्य पूरा गर्ने र सोह्रौं पञ्चवर्षीय योजनाको लक्ष्य भेट्टाउने खालको बजेट आएको छ वा छैन भनेर प्रश्न गर्नुभयो । उहाँले उत्पादन र उत्पादकत्व वृद्धि, रोजगारी अभिवृद्धि, समृद्ध नेपाल : सुखी नेपाली राष्ट्रिय चाहना पूरा गर्ने गरी बजेट सच्याइनुपर्ने माग राख्नुभयो ।

सत्तारुढ दल नेकपा (माओवादी केन्द्र)का सांसद सुदन किरातीले बजेट सङ्घीयताको भावना विपरीत र असन्तुलित रहेको भन्दै आलोचना गर्नुभयो । "दुःखका साथ भन्नुपर्छ सङ्घीयता विपरीत र असन्तुलित बजेट आएको अब स्पष्ट हुँदै गएको छ । सङ्घीयताको वकालत गर्ने प्रधानमन्त्री रहेका बेला बदनाम गर्ने र असफल बनाउन योजनाका साथ बजेट आएको पो हो कि ?", सांसद किरातीले प्रश्न गर्नुभयो । माओवादी केन्द्रका अर्का सांसद माधव सापकोटाले विनियोजन विधेयक तयार पार्दा उचित विधि र पद्दतिको अबलम्बन हुन नसकेको बताउनुभयो । "अर्थतन्त्र विरामी छ । यसलाई कसरी सुधार गर्ने भन्ने स्पष्ट खाका बजेटमा छैन", उहाँले भन्नुभयो, "एउटै ठाउँमा धेरै बजेट हालिएको छ । विनियोजनमा चुनौती देखिएजस्तै कार्यान्वयनमा पनि चुनौती छ ।"

अर्को सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद शिशिर खनालले नवसामन्तवादको झल्को दिने गरी आगामी आर्थिक वर्षको बजेट आएको धारणा संसदमा राख्नुभयो । "आधुनिक लोकतन्त्रको सर्वमान्य सिद्धान्त भनेको जनप्रतिनिधिले सीमित स्रोतको विवेकपूर्ण, निष्पक्ष र न्यायोचित वितरण हुन्छ भन्ने हो । तर पछिल्लो दुई वर्ष संसदमा बसेर हेर्दा हामीले नागरिकलाई न्याय गरेका हौं भन्नेमा शङ्का लाग्न थालेको छ", उहाँले भन्नुभयो, "चालु आर्थिक वर्षको बजेटमा नुवाकोट, सल्यान, डडेलधुरा, गोरखामा बढी केन्द्रित थियो भने आगामी आवको बजेट रोल्पा धनुषा, गोरखा र झापामा केन्द्रित देखिएको छ । कुनै व्यक्ति विशेष, सांसद वा मन्त्रीको निर्वाचन क्षेत्रमा राज्यको स्रोत परिचालन गर्नु भनेको नवसामन्तवादको नयाँ स्वरुप होइन र ?"

सरकारले निश्चित मापदण्ड तयार पारेर बजेट ल्याउन नसकेको आरोप सांसदहरूबाट आएको थियो । मानव विकास सूचकाङ्कको विश्लेषण, गरिबीको अवस्था, जनसङ्ख्या, भूगोललगायतका विषयलाई हेरेर बजेट आउनुपर्नेमा त्यसो हुन नसकेको आरोपसमेत सांसदहरूले सरकारमाथि लगाउनुभएको थियो । त्स्तै, समपूरक र विशेष अनुदान शीर्षकमा जथाभावी आयोजना छनोट गरिएको, एउटा आयोजना नसकिँदै अर्को आयोजनामा बजेट माग गर्ने गरेको, तजबिजीमा योजना छनौट हुने गरेकोलगायत समस्या रहेको सांसदहरूले उल्लेख गर्नुभएको थियो ।

प्रतिनिधिसभाको असार ५ गतेको बैठकमा युवा तथा खेलकूद मन्त्रालयको विभिन्न शीर्षक माथिको छलफल चलेको थियो । उक्त मन्त्रालयको आगामी आवको बजेटमाथि चारवटा खर्च कटौतीका प्रस्ताव आएका छन् । युवालाई स्वदेशभित्रै रोजगारी सिर्जना गर्ने गरी बजेट आउन नसकेको तथा खेलकुद पूर्वाधार निर्माणलाई बजेटले प्राथमिकतामा राख्न नसेकेको गुनासो सांसदहरूको थियो । आकस्मिक समयमा दूग्ध किसाले भुक्तानी नपाएको, कवाडी व्यवसायी आन्दोलित भएको, क्रसर तथा खानी व्यवसायीहरू आन्दोलिन भएको लगायतका विषयमा सांसदहरूले संसद्मार्फत सरकारको ध्यानाकर्षण गराउनुभएको थियो ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको वार्षिक विकास कार्यक्रम माथि उठेका प्रश्नको स्वास्थ्यमन्त्री प्रदीप यादवले जवाफ दिनुभएको थियो । नागरिकको मौलिक हकका रूपमा रहेको आधारभूत स्वास्थ्य सेवा र विशिष्टिकृत सेवा सबल बनाउन मन्त्रालय दत्तचित्त भएर काम गरिरहेको उहाँको भनाई थियो । "पछिल्ला वर्षमा स्वास्थ्य सेवाको पहुँच बढिरहेको छ । भौतिक पूर्वाधार निर्माणमा केही काम भएपनि पर्याप्त नभएकाले यो वर्ष तीव्रताका साथ मन्त्रालय काम गर्न दृढ छ । जटिल रोगका उपचार र सरकारी अस्पतालमा विशेषज्ञ सेवा विस्तारकालागि मन्त्रालय नयाँ जोसका साथ अघि बढेको छ ।" स्वास्थ्यमन्त्री यादवको जवाफ थियो ।

असार ६ गतेको प्रतिनिधिसभा बैठकमा विनियोजन विधेयक, २०८१ माथि उठेका विषयमा सम्बन्धित मन्त्रालयका मन्त्रीहरूले जवाफ दिनुभएको थियो । विनियोजन विधेयक माथिको छलफल चलीरहेको बेला प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले पनि सांसदका प्रश्नको जवाफ दिनुभएको थियो । उहाँले आफ्नो पछिल्लो भारत भ्रमण, सहकारी प्रकरण एवम् अन्य समसामयिक राजनीतिक विषयमा सांसदहरूले राखेको जिज्ञासाको जवाफ दिनुभयो ।

उहाँले संविधान विपरित धार्मिक तथा सामाजिक सद्भाव बिगार्ने र साम्प्रदायिकता फैलाउने गतिविधिको नियन्त्रणका लागि जस्तैसुकै उपाय अपनाउन सरकार तयार रहेको स्पष्ट पार्नुभएको थियो । साथै, देशभरका सहकारीसम्बन्धी उजुरी र गुनासो सङ्कलन एवम् विश्लेषण गरी समस्याग्रस्त अवस्थाको पहिचान गर्न एक उच्चस्तरीय जाँचबुझ समिति गठन गर्ने प्रक्रिया अघि बढेको प्रधानमन्त्री दाहालको भनाई थियो । राजदूत नियुक्ति प्रक्रियालाई थप व्यवस्थित र मर्यादित बनाउने पनि प्रधानमन्त्री दाहालले धारणा राख्नुभएको थियो ।

त्यस्तै विनियोजन विधेयकमाथि आफ्नो मन्त्रालयसँग जोडिएका विषय र सांसदहरूले उठाएका प्रश्नको जवाफ दिनुहुँदै उद्योग वाणिज्य तथा आपूर्ति मन्त्री दामोदर भण्डारीले उद्योग क्षेत्रको विकासका लागि नीतिगत स्थायित्व तथा लगानीमैत्री वातावरण निर्माण गर्न मन्त्रालय क्रियाशील रहेको तथा आगामी आर्थिक

बाँकी अन्तिम पृष्ठमा

# शिक्षातर्फ आकर्षित हुँदै हरूवाचरुवा मुसहर समुदायका बालबालिका

शम्भुनाथ (सप्तरी), ९ असार (रासस)।

पढ्ने उमेर भए पनि जिल्लाको शम्भुनाथ नगरपालिका-७ भगवतपुरस्थित मुसहर बस्तीका नौ वर्षीय प्रदीप सदा विद्यालय जान पाउँदैन थिए। घरदेखि करिब पाँच सय मिटरको दूरीमा रहेको विद्यालय नगई घरमै खेलेर समय बिताउँथे। अहिले प्रदीप बिहान हुनेबित्तिकै झोलामा कापीकिताब बोकेर विद्यालय जान थालेका छन्।

आमाबुवाले स्थानीय साहुको घरखेतमा काम गर्न जाँदा उहाँहरूसँगै साहुमहाजनको गाईगोरु चराउने गरेका सोही ठाउँका ११ वर्षीय राकेश सदाको पनि अहिले दिनचर्या फेरिएको छ। राकेश पनि अहिले घर नजिकै रहेको बुद्धिलाल मुनर माध्यमिक विद्यालय जान थालेका छन्।

प्रदीप र राकेश मात्र होइनन्, पछिल्लो समय अति पिछडिएको उक्त मुसहर बस्तीका बालकालिकाको शिक्षाप्रतिको आकर्षण बढ्दै गएको छ। हरूवाचरुवा र मुसहर समुदायको उल्लेख्य बसोबास रहेको शम्भुनाथ-७ भगवतपुर, वडा नं २ कनकपट्टी, वडा नं ३ डङ्गराही र वडा नं ५ स्थित मोहनपुरका मुसहर बालबालिका अचेल नियमित विद्यालय जान थालेका छन्।

सो नगरपालिकाका हरूवाचरुवा परिवारका बालबालिकालाई लक्षित गरी श्रीपुर्राज सामुदायिक विकास केन्द्रले सञ्चालन गरेको शैक्षिक अभियानअन्तर्गत निःशुल्क बाल टयुसन कक्षा सञ्चालन गरेपछि विद्यालय जाने दलित बालबालिकाको सङ्ख्या बढ्दै गएको हो।

केही वर्षअघिसम्म अत्यन्त न्यून सङ्ख्यामा मात्र मुसहर बालबालिका विद्यालय जाने गरेकामा पछिल्लो समय ती समुदायबाट विद्यालय जानेको सङ्ख्या उत्साहजनकरूपमा बढ्दै गएको केन्द्रका सहजकर्ता बिजली रामले बताउनुभयो।

तीन वर्ष अघिसम्म ती वडाबाट हरूवाचरुवा र मुसहर समुदायका विद्यालय जाने बालबालिकाको सङ्ख्या १२ थियो। केन्द्रले 'द फ्रिडम फन्ड' संस्थाको सहयोगमा 'सामाजिक परिचालन तथा शिक्षाका माध्यमबाट हरूवाचरुवाको सशक्तीकरण कार्यक्रम'अन्तर्गत जनचेतना अभियान, अभिभावक भेला तथा निःशुल्क बालकक्षा सञ्चालनमा ल्याएपछि अहिले विद्यालय जाने विद्यार्थीको सङ्ख्या तीन सयभन्दा बढी पुगेको हरूवाचरुवा शम्भुनाथ नगर बालक्लबका अर्जुन सदाले जानकारी दिनुभयो।

"पहिलापहिला हरूवाचरुवा मुसहर परिवारका बालबालिका पढाइभन्दा खेलकुदमै दिन बिताउने गर्खथे। गाउँमै निःशुल्क बालकक्षा सञ्चालनमा आएपछि विस्तारै पढाइलेखाइप्रति आकर्षित हुन थालेका छन्", अर्जुनले भन्नुभयो, "केही वर्षअघिसम्म विद्यालयमा मुसहर परिवारका बालबालिका न्यून सङ्ख्यामा भेट्थ्यो, अहिले विस्तारै उक्त सङ्ख्या बढ्दै गएको छ।"

"हरूवाचरुवा परिवारमा शिक्षाको महत्व थाहा नभएर होला अभिभावकले पनि आफ्ना छोराछोरी विद्यालय पठाउँदैनथे", मोहनपुरका दिपा सदाले भन्नुभयो, "अहिले चेतनाको स्तर वृद्धि हुनुका साथै शिक्षामूलक अभियानले गर्दा अभिभावकमा छोराछोरीलाई पढाउनुपर्छ भन्ने चेतनाको विकास भएको छ।" कुनैबेला आफूलाई पढ्न रहर हुँदाहुँदै पनि बाल्यकालमै अभिभावकले विवाह गरिदिएको सम्झिँदै उहाँले अहिले त्यस्तो अवस्था बिस्तारै हट्दै गएको बताउनुभयो। हरूवाहरूवा मुसहर परिवारका अभिभावक जिम्मेवार बन्दै गएका उहाँको बुझाइ छ।

हरूवाचरुवा परिवारमा शिक्षाको अवस्था अत्यन्तै नाजुक देखिएपछि संस्थाले शम्भुनाथ नगरपालिकाको विभिन्न वडामा सञ्चालन गरेको निःशुल्क बालशिक्षा कार्यक्रममा अहिले उक्त समुदायका दुई सयभन्दा बढी बालबालिका नियमितरूपमा अध्ययन गर्न आउने गरेका श्रीपुर्राज सामुदायिक केन्द्रका संयोजक विनोदानन्द चौधरीले बताउनुभयो। तीमध्ये एक सय ५० बालबालिकालाई विभिन्न विद्यालयको पहुँचमा पुऱ्याइएको उहाँले जानकारी दिनुभयो।

संयोजक चौधरीका अनुसार विद्यालयमा भर्ना भएका बालबालिकालाई संस्थाको तर्फबाट शैक्षिक सामग्री र स्कुल झोला निःशुल्क उपलब्ध गराएको छ। विद्यालय बाहिर रहेका बालबालिकाका लागि हाल तीन जना दक्ष शिक्षिका र एक दर्जन स्वयंसेवक परिचालित गरेर नौमहिने बालशिक्षा प्रदान गरिरहेको भन्दै क्रमिकरूपमा विद्यालय भर्ना गराउँदै लगिने उहाँले जानकारी दिनुभयो।

"प्रारम्भिक बालशिक्षाबाट राम्रो गर्दै गएका एक सय ५० जना हरूवाचरुवा परिवारका बालबालिकालाई अहिलेसम्म स्थानीय विद्यालयमा भर्ना गराइसकिएको छ", केन्द्रका सहजकर्ता रामले भन्नुभयो, "बाँकी रहेकालाई क्रमशः पाइकपर्ने विद्यालयमा भर्ना गराउने तयारीमा छौँ।"

गरिबी र अभावबाट गुज्रिरहेका हरूवाचरुवा र मुसहर समुदायका अधिकांश बालबालिका विद्यालयको पहुँचभन्दा बाहिर हुने गरेकामा उनीहरूलाई शिक्षासँग जोड अभियान सञ्चालन गरी आगामी शैक्षिकसत्रदेखि सबैलाई विद्यालयसँग जोड्न पहल गरिएको उहाँको भनाइ छ।

शैक्षिकरूपमा पछाडि परेका हरूवाचरुवा र मुसहर समुदायका बालबालिकाको विद्यालय आउनेक्रम बढेको भन्दै यस्तो अभियानलाई अझ सशक्त बनाएर निरन्तरता दिनुपर्ने शम्भुनाथ-३ स्थित बौकीदेवी दलित आधारभूत विद्यालयका प्रधानाध्यापक गोसाइँ पासवानले बताउनुभयो। भर्ना हुन आउने बालबालिकालाई विद्यालयको तर्फबाट आवश्यक सहयोग र सहजीकरण गरिने उहाँको भनाइ छ।


## जलश्रोत तथा सिंचाई कार्यालयको आग्रह

पानीको आवश्यक्ता अनुसार मात्रै प्रयोग गरौं।
पोखरी, नदी, खोला, नहरको डिल नभत्काऔं।
यस्ता जलाशयको सबै मिली संरक्षण गरौं।
खोला र नदी आसपासका साथै आफ्ना घर वरिपरी बृक्षारोपण गर्ने गरौं।
चुरे क्षेत्रको रुखहरु जथाभावी तरिकाले कोहि पनि नकाटौं र, काट्न नदिऔं।
चुरे क्षेत्रको सबै मिली संरक्षण गरौं।
बालुवा, गिट्टी, ढुँगाजस्ता नदीजन्य सामग्रीको जथाभावी उत्खनन् नगरौं।

**अनुरोधकर्ता**

**जलश्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय सप्तरी, राजविराज**


## विश्व समाचार

### भारतमा विषाक्त मदिरा सेवनका कारण ५० भन्दा बढीको मृत्यु

बेङ्लोर, ९ असार (रासस/एएफपी)।

भारतमा विषाधीयुक्त रक्सीको सेवनबाट ज्यान गुमाउनेको संख्या ५३ पुगेको सञ्चार माध्यमले आइतबार जनाएको छ। तमिलनाडु राज्यका मुख्यमन्त्री एम.के स्तालिनले मङ्गलबार स्थानीय प्रक्रियाबाट बनाएको रक्सीमा विषाक्त मेथनोल मिसाइएको र केही घण्टाभित्रै रक्सी पिउने ३७ जनाको मृत्यु भएको बताउनुभएको छ।

उक्त रक्सी पिउने १०० भन्दा बढी मानिसहरूलाई अस्पताल लगिएको थियो। भारतमा ब्याकस्ट्रिट डिस्टिलरीहरूमा बनेको सस्तो रक्सीबाट हरेक वर्ष सयौं मानिसहरू मर्छन्, तर यो विषाक्तता हालका वर्षहरूमा सबैभन्दा भयानक रह्यो। रक्सीको शक्ति बढाउन मिसाइने पदार्थ मेथनोले अन्धोपन, कलेजोको क्षति र मृत्यु निम्त्याउन सक्छ।

इन्डियन एक्सप्रेस पत्रिकाले आइतबार कल्लाकुरिची जिल्लाका गरिब मजदुरहरूले नियमित रूपमा प्लास्टिकको झोलामा ६० रुपैयाँ मूल्य पर्ने रक्सी किन्ने र काम गर्नु अघि पिउँने जानकारी गराएको छ। रक्सीको सेवनबाट कोही अन्धो भएर अस्पताल लगिएको थियो भने कोहीको सडकमै ढलेर तत्काल मृत्यु भएको थियो।

कल्लाकुरिची जिल्लाका शीर्ष सरकारी अधिकारी एम.एस प्रशान्थले शनिबारको पछिल्लो तथ्याङ्कअनुसार ५३ जनाको मृत्यु भएको बताउनुभएको छ। अन्य भारतीय सञ्चारमाध्यमले आइतबार मृतकको सङ्ख्या ५५ पुगेको बताएको थियो तर कुनै आधिकारिक पुष्टि भएको थिएन।

प्रशान्थले नक्कली रक्सी त्रासदीसँग सम्बन्धित सात जनालाई पक्राउ गरिएको बताउनुभयो। इन्डियन एक्सप्रेसले बिहीबार विषालु पेय पदार्थको प्याकेट पिएर मृत्यु भएकाको पत्नि घरेलु कामदार कोलान्जीसँग कुरा गरेको थियो। मानिसहरूले सरकारी पसलहरूबाट रक्सी किन्न नसक्दा दुषित मुनशाइन नामक रक्सी पिएको उहाँले बताउनुभयो।

भारतका धेरै भागहरूमा रक्सी बेच्न र सेवन गर्न निषेध गरिएको छ, जसले गर्दा घातक ब्याकस्ट्रिट मुनशाइनजस्ता पेय पदार्थको कालो बजार फस्ट्याएको पाइन्छ।गत वर्ष पूर्वी भारतीय राज्य बिहारमा विषाक्त मदिरा सेवन गर्दा कम्तीमा २७ जनाको मृत्यु भएको थियो भने सन् २०२२ मा गुजरातमा कम्तीमा ४२ जनाको मृत्यु भएको थियो।

### इजरायलमा नयाँ चुनाव र गाजा बन्धकहरूको फिर्तीको माग गर्दै विरोध प्रदर्शन

तेल अभिभ ९ असार (रासस/एएनआई)।

इजरायलमा नयाँ चुनाव र गाजाका बन्धकलाई फिर्ता गर्न आह्वान गर्दै शनिबार राति हजारौं आन्दोलनकारीले इजरायलका विभिन्न भागमा सरकार विरोधी प्रदर्शन गरेको द टाइम्स अफ इजरायलले जनाएको छ।

सत्तारूढ लिकुड पार्टीको मुख्यालय रहेको बेइट जबोटिन्स्की बाहिर किङ जर्ज स्ट्रिटमा इजरायली नागरिकले विरोध प्रदर्शन गरेका हुन्। केही प्रदर्शनकारीले जतिसक्दो छिट्टै निर्बाचन गर्नुपर्ने र गाजामा लडाइँ अन्त्य गर्न आह्वान गर्दै प्रदर्शनमा भाग लिएका थिए।

मुख्य ऱ्याली समाप्त भएपछि प्रदर्शनकारीले टायर जलाएर सडक अवरुद्ध गरेका थिए। द टाइम्स अफ इजरायलले रिपोर्ट गरेअनुसार भीडलाई नियन्त्रण र सडक खाली गर्ने क्रममा तैनाथ प्रहरीले तीन जना प्रदर्शनकारीलाई पक्राउ गरेको थियो।

यसैबीच, हजारौं व्यक्तिले आजजा स्ट्रिटमा रहेको इजरायली प्रधानमन्त्री नेतान्याहुको निवास बाहिर पनि विरोध प्रदर्शन गरेका छन्।प्रदर्शनकारीले हमासद्वारा बन्धक बनाइएका परिवारका सदस्यको नेतृत्वमा तत्काल सम्झौता र चाँडै चुनावको माग गर्दै किङ जर्ज स्ट्रिटमा पदयात्रा गरे। प्रदर्शनकारीले नेतान्याहुको सरकारले हेजबुल्लाह गोलीकाण्डका कारण आठ महिनाभन्दा बढी समयदेखि विस्थापित भएका इजरायलको सङ्कटग्रस्त उत्तरी समुदायका करिब ६० हजार बासिन्दालाई बेवास्ता गरेको आरोप लगाएका छन्।

'होस्टेज एन्ड मिसिङ फेमिलीज फोरम'ले देशभरि ऱ्याली आयोजना गरेको छ। उनीहरूले नोभेम्बरमा हमासले कैदबाट रिहा गरेका बन्धकहरूको सम्बोधन गर्न पनि आग्रह गरिएको छ। अक्टोबर ७ मा हमासद्वारा बन्धक बनाइएका ११६ जना गाजामा रहेका छन्, तिनीहरू सबै जीवित छैनन् भन्ने विश्वास गरिन्छ। युद्धलाई स्थायी रूपमा अन्त्य गर्ने ढाँचाभित्र मात्र बन्धकहरूलाई रिहा गर्ने हमासको मागलाई इजरायलले अस्वीकार गर्दै आइरहेको छ।

यसैबीच, बन्धक नामा लेवीको २० औं जन्मदिन मनाउन तेल अबिबमा हजारौं मानिसहरूले ऱ्याली निकालेका छन्। नामा लेवीका बुबा, योनी लेवीले भन्नुभयो, "उनी यहाँ आफ्नो परिवारसँग, आफ्ना साथीहरूसँग हुनु आवश्यक छ।" नाहल ओज सैन्य आधारबाट नामालाई अपहरण गरेपछि उहाँ हमासको एउटा भिडियो टेलिग्राममा देखापर्नुभएको थियो। भिडियोमा उहाँको हात बाँधिएको र प्यान्ट रगत र मैलोले ढाकिएको थियो।

हमास लडाकूले दक्षिणी इजरायलमा आक्रमण गरी करिब एक हजार २०० जनाको हत्या गरी २५१ जना बन्धक बनाएपछि अक्टोबर ७ मा सुरु भएको युद्धलाई सरकारले नियन्त्रण गरेको भन्दै विरोधमा प्रदर्शनकारीहरूले हरेक शनिबार राति महिनौंदेखि विरोध प्रदर्शन गर्दै आएका छन्।

# मधेस प्रदेशसभाबाट बालिका संरक्षण विधेयक पारित

धनुषा, ९ असार (रासस)।

मधेस प्रदेशसभाबाट बालिका संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८१ पारित भएको छ।

सभाको शनिबारको बैठकमा खेलकुद तथा समाज कल्याणमन्त्री प्रमोदकुमार जयसवालले महिला बालबालिका तथा सामाजिक न्याय समितिको प्रतिवेदनसहितको विधेयक पारित गरियोस् भन्ने प्रस्ताव पेस गर्नुभएको थियो।

मन्त्री जयसवालले बालिका संरक्षणसम्बन्धी कानुन ल्याउने पहिलो प्रदेशका रूपमा मधेस प्रदेशको नाम आएको उल्लेख गर्नुभयो। उहाँले माता जानकीको भूमिबाट पहिलो बालिका संरक्षणसम्बन्धी कानुन पारित भएको बताउनुभयो।

उहाँले प्रदेशमा छोरी बीमा कार्यक्रम फेरि सुरु गर्न रु १२ करोड थप बजेट व्यवस्था गरेको जानकारी दिनुभयो। बालिका संरक्षणमा काम गर्दा बालकलाई अन्याय हुन नदिन सरकार सचेत हुनुपर्ने उहाँको भनाइ थियो। उहाँले भन्नभुयो, "सकारात्मक विभेदमार्फत छोरीहरूलाई सशक्त बनाउन आवश्यक छ।"

विधेयकमा १७ जना प्रदेशसभा सदस्यले धारणा राख्नुभएको थियो। उहाँहरूले उठाउनुभएको विषयलाई सम्बोधन गर्दै मन्त्री जयसवालले बालिका संरक्षण ऐनलाई प्रभावकारीरूपमा कार्यान्वयन गराउन प्रहरी समायोजनको आवश्यकता औँल्याउनुभयो।

## मनकामना ...

राजविराज शाखाका संचालक गणेश आश लगायतले सहकारीको झण्डा ओढाएर लस्श्रद्धाञ्जली अर्पण गरेका थिए।

फत्तेपुरस्थित आशा डिजिटल स्टुडियो एण्ड कलर ल्याबका प्रोप्राइटर समेत रहेका चौधरी सप्तरी फोटोग्राफर परिवार संघका सदस्य समेत हुन्। उनको निधनले संघलाई अपुरणीय क्षति भएको सप्तरी फोटोग्राफर संघका जिल्ला अध्यक्ष रमेश कुमार राउतले बताएका छन्।

उनले चौधरीको शोकमा सोमबार सप्तकोशी नगरपालिका भित्रका सम्पूर्ण फोटो स्टुडियो दिनभर र जिल्लाभरिका बाँकी फोटो स्टुडियोहरु मध्यान्ह १२ बजेसम्म बन्द रहने जानकारी दिए।

नेपाली कांग्रेससँग आवद्ध सप्तकोशी नगरपालिका वडा नं. २ निवासी चौधरी सामुदायिक वन महासंघका जिल्ला अध्यक्ष समेत थिए।

## बजेटमाथि सत्तापक्ष ...

वर्षको बजेटले पनि यिनै कुरालाई मुख्य प्राथमिकतामा राखेको बताउनुभयो। औद्योगिक पूर्वाधार विकास कार्यक्रमअन्तर्गत औद्योगिक क्षेत्र, औद्योगिक ग्रामलगायत पुर्वाधार निर्माणको कामलाई बजेटले प्राथमिकतामा राखेको उहाँको भनाई थियो।

त्यस्तै नेपाल सरकारको प्रवक्तासमेत रहनु भएका सञ्चारमन्त्री शर्माले सरकार पूर्ण प्रेस स्वतन्त्रता र निष्पक्ष पत्रकारिताको पक्षमा प्रतिवद्ध रहेको बताउनुहुँदै राससको सेवालाई २४ घण्टा सञ्चालन गर्ने तथा विभिन्न मातृभाषामा सेवा दिने तयारी भइरहेको जानकारी दिनुभएको थियो। ती दिनहरूमा जनताका मुद्दा र मुलुकका अन्य विषयहरूमा समेत सांसदहरूले असाध्यै महत्वका साथ विषयलाई सदनमा प्रवेश गराउनुभएको थियो। यसले जनताको माग सम्बोधन गर्ने उपयुक्त थलो भनेकै संसद् हो भन्नेसमेत स्थापित भएको छ।


## लामखुट्टेको टोकाईबाट लाग्ने डेंगुका लक्षण तथा यसबाट बच्ने उपाय

**लक्षण**

- उच्च ज्वरो आउनु।
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु।
- आँखाको गेडी दुख्नु।
- अत्याधिक टाउको दुख्नु।
- शरीरमा राता बिमिराहरु आउनु।

***यस्ता लक्षणहरु देखापरेमा डेंगु हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।***

**बच्ने उपाय**

- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरि झ्याल, ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं।
- पानी राखेको भाँडालाई छोपेर राखौं।
- अध्यँरा कुना-काप्चामा किटनाशक औषधी छर्कने गरौं।

**छिन्नमस्ता गाउँपालिकाको कार्यालय, सखडा, सप्तरी**



## लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थ देखि टाढा रहौं।

**अनुरोधकर्ता**
**तिरहुत गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
सप्तरी, मधेश प्रदेश



## बाढी/पहिरोबाट सतर्क रहौं।

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं।
- जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं।
- भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं।
- भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं। भु–क्षयबाट बचौं र बचाऔं।

**जनहीतका लागि : सप्तकोशी नगरपालिका, सप्तरी**



## विभिन्न विपद्को समयमा सतर्क रहौं

**चट्याङको समयमा**

१. बिजुली चम्केको बेला सतर्क रहने।
२. बिद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने।
६. सकभर अग्लो स्थानमा बस्ने।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने।

**भुकम्पको समयमा**

१. भुकम्प आएको बेला सतर्क रहने।
२. घरबाहिरको सुरक्षित स्थानमा पुग्न नभ्याइने हुनसक्छ। तुरुन्तै खाट, टेबुल, ढोकामुनी तथा घरभित्रकै अन्य सुरक्षित स्थानमा बस्ने।
३. अग्ला र कमजोर घर बिजुलीका खम्बा, ट्रान्सफर्मर, रुख तथा अन्य संरचनाहरु ढल्न सक्ने हुँदा त्यसबाट बच्ने।
४. भुईचालो थामिए पनि फेरि दोहरीन सक्ने हुँदा परिवारका सदस्य, मुल्यवान बस्तु संकटकालिन झोला आदी लिएर सुरक्षित स्थानमा निस्कने र उद्दार कार्यमा जुट्ने।
५. उपचारको ब्यवस्था तत्कालिन राहत तथा उद्दार कार्यमा थप सहयोगका लागि भुईचालोबाट क्षतिको सम्बन्धीत निकायमा तुरुन्त खबर गर्ने।

**आगलागिको समयमा**

१. आगलागिको बेला सतर्क रहने।
२ आगलागि नियन्त्रणको लागि घर बनाउँदा, बिद्युतीय वायरिङ गर्दा, भान्सा बनाउँदा, ग्यास, सलाई लाइटर चलाउँदा, चुरोट तान्दा, धुपबत्ति बाल्दा ध्यान पुऱ्याउने।
३. आगलागि नियन्त्रणको लागि चाहिने अग्निसमय Fire Extinguisher लगायतका आवश्यक संसाधनहरु तयारी अवस्थामा राख्ने।
४. भवन वा अन्य भौतिक संरचना निर्माणमा उपयुक्त स्थलगत योजना तयार गरी गुणस्तरीय निर्माण सामाग्रिको प्रयोग गर्ने।
५.आगलागिका सम्भावित क्षेत्रमा क्षति न्युनिकरण गर्नको लागि जोखिम क्षेत्रको नक्साङकन गरी सामाजिक जनचैतना अभिबृद्धि गर्ने।

**आकस्मिक सम्पर्क नम्बर : जिल्ला आपतकालिन कार्य संचालन केन्द्र सप्तरी -०३१५३३७६२**

**जनहीतका लागि जारि सन्देश : हनुमाननगर कंकालिनी नगरपालिका, सप्तरी**


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*